# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) वीरेन्द्रनगर, सुर्खेत, साउन २१ गते, २०८२ साल (अतिरिक्ताङ्क ०५

## भाग-३

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

### <u>सूचना</u>

कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### <u>पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८२</u>

**<u>प्रस्तावनाः</u>** निष्पक्ष, खोजमूलक, विश्लेषणात्मक, व्यावसायिक र उत्तरदायी पत्रकारिताको माध्यमबाट कर्णाली प्रदेशको विकास र समृद्धि तथा नागरिकलाई सुसूचित गर्न महत्वपूर्ण योगदान पुऱ्याएका पत्रकारलाई पुरस्कृत र सम्मान गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा १४ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “प्रदेश” भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ख) “पुरस्कार” भन्नाले दफा ४ बमोजिमको पत्रकारिता पुरस्कार सम्झनु पर्छ।

(ग) “मन्त्रालय” भन्नाले कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(घ) “समिति” भन्नाले दफा ७ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

३. **<u>सूचना प्रकाशनः</u>** (१) मन्त्रालयले कर्णाली प्रदेशमा कार्यरत पत्रकारकारलाई पुरस्कारको लागि सूचीकृत हुन सात दिनको समय दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना मन्त्रालयको सूचना पाटी र वेबसाईटमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा उल्लिखित म्यादभित्र दफा ५ बमोजिम योग्यता पुगेका पत्रकारले दफा ४ बमोजिमको पुरस्कारका लागि सूचीकृत हुन अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-२ बमोजिमको स्वःघोषणा पत्र विद्युतीय माध्यमबाट प्रविष्टि वा मन्त्रालयमा निवेदन सहित पेस गर्नुपर्नेछ।

४. **<u>पत्रकारिता पुरस्कार राशी र प्रकारः</u>** (१) प्रदेश सरकारबाट दफा ५ मा उल्लेख गरे बमोजिम पत्रकारिता पुरस्कार वितरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम वितरण गरिने पुरस्कारको प्रकार, राशी र संख्या अनुसूची- ३ बमोजिम हुनेछ।

५. **<u>पुरस्कार छनौटको आधारः</u>** दफा ४ मा उल्लिखित पुरस्कार छनौटका आधारहरु देहाय बमोजिम हुनेछनः

**(क) कर्णाली प्रादेशिक पत्रकारिता पुरस्कारः**

१. पत्रकारिता पेशामा कम्तीमा दुई दशक देखि क्रियाशिल रही प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागी विशेष योगदान पुऱ्याएको।

**(ख) कर्णाली वर्ष उत्कृष्ट पुरस्कारः**

१.पत्रकारिता पेशामा कम्तीमा सात वर्ष देखि क्रियाशिल रहेको,

२. खोज तथा अनुसन्धानमूलक समाचार सामग्री प्रकाशन वा प्रसारण गरेको,

३. प्रकाशित वा प्रसारित सामग्रीले जवाफदेहिता र सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याएको।

**(ग) कर्णाली सशक्त सञ्चारकर्मी पुरस्कारः**

१. पत्रकारिता पेशामा कम्तीमा पाँच वर्ष देखि क्रियाशिल रहेको,

२. जोखिम र अनुसन्धानमूलक सामग्री प्रकाशन वा प्रसारण गरेको,

३. विपद्को समय वा भौगोलिक कठिनाईको क्षेत्रमा साहसिक रुपले पत्रकारितामा क्रियाशिल रहेको।

**(घ) कर्णाली विकास पत्रकारिता पुरस्कारः**

१. पत्रकारिता पेशामा कम्तीमा पाँच वर्ष देखि क्रियाशिल रहेको,

२. विकास, समृद्धि र सुशासनको विषयमा सामग्री प्रकाशन वा प्रसारण गरेको,

३. प्रदेशको आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक विकासमा अनुसन्धानमूलक लेख रचना वा सामग्री मार्फत् प्रदेशलाई राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा चिनाउन योगदान पुऱ्याएको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**(ङ) कर्णाली समावेशी पत्रकारिता पुरस्कारः**

१. पत्रकारिता पेशामा कम्तीमा तीन वर्ष देखि क्रियाशिल रहेको,

२. राज्यले आरक्षण प्रदान गरेको महिला, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, दलित तथा अल्पसंख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति र पिछडिएको वर्ग क्षेत्रमा क्रियाशिल हुनुपर्ने,

३. प्रदेशमा रहेका विभिन्न जातजाति, भाषा, धर्म, लिङ्ग, समुदाय, सम्प्रदाय र भुगोलका नागरिकबीच शान्ति, एकता र सद्भाव अभिवृद्धि गर्ने सामग्री प्रकाशन वा प्रसारण गरेको,

४. सवै वर्ग जात जातिको समान पहुँच, समता तथा समावेशीताको विषयमा समाजमा सकारात्मक प्रभाव पार्ने सामग्री प्रकाशन वा प्रसारण गरेको,

५. समाजमा आमनागरिकलाई राष्ट्रिय एकतामा शुत्रवद्ध बनाउने तथा सकारात्मक सोच विकास गर्ने सम्बन्धी खोजमूलक तथा अनुसन्धानमूलक समाचार, सामग्री प्रकाशन, प्रसारण वा लेख, आलेख रचना गरेको।

६. **आवेदकको योग्यता:** समितिले पुरस्कारका लागि पत्रकारको नाम सिफारिस गर्दा दफा ५ मा उल्लिखित आधार सहित देहाय बमोजिमका योग्यताको आधारमा गर्नु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) फौजदारी कसुरमा अदालतबाट दोषी ठहर नभएको,

(ग) पत्रकारिता आचार संहिता उल्लङ्घन नगरेको,

(घ) प्रेस काउन्सिलबाट कुनै पनि प्रकारको कारबाही नभएको

७. **सिफारिस समितिको गठनः** (१) पुरस्कार प्रदान गर्ने प्रयोजनका लागि पत्रकारको नाम सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) प्रमुख, सञ्चार महाशाखा, मन्त्रालय - सदस्य

(ग) पत्रकार महासंघ, कर्णाली प्रदेशको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि-सदस्य

(घ) मन्त्रालयले मनोनित गरेको पत्रकारिता क्षेत्रको एक जना महिला सहित तीन जना विज्ञ - सदस्य

(ङ) प्रमुख, सूचना तथा सञ्चार शाखा, मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमको सदस्य तोक्दा पत्रकारिता पुरस्कारको लागि निवेदन नदिएको व्यक्तिलाई प्रतिनिधि तोक्नु पर्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पुरस्कार वितरण मूल्याङ्कन विधि निर्धारण गर्ने,

(ख) दफा ३ को उपदफा (२) बमोजिम प्राप्त भएका निवेदन र कागजात जाँच गरी पत्रकारको नाम र योगदान सहितको अभिलेख तयार गर्ने,

(ग) पुरस्कार प्राप्त गर्न योग्य सात जना पत्रकारको नाम मन्त्रालय समक्ष सिफारिस गर्ने।

९. **<u>पुरस्कारको वितरणः</u>** (१) कर्णाली प्रदेश स्थापना तथा सहिद दिवसको अवसरमा प्रत्येक वर्ष भाद्र ४ गते अनुसूची ३ बमोजिम पत्रकारिता पुरस्कार राशी र प्रमाणपत्र वितरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको राशीमा प्रचलित कानून बमोजिम कर लाग्नेछ।

१०. **<u>खारेजी र बचाउः</u>** (१) कर्णाली प्रदेश पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८१ खारेज गरिएको छ।

(२) कर्णाली प्रदेश पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८१ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>पत्रकारिता पुरस्कारको लागि सूचीकृत हुने निवेदनको ढाँचा</u>**

मितिः

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
वीरेन्द्रनगर, सुर्खेत।

-पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८२ बमोजिम पुरस्कारको लागि सूचीकृत हुन देहाय वमोजिमको कागजात संलग्न गरि यो निवेदन पेश गरेको छुः-

(१) नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,
(२) पत्रकारिता पेशामा आबद्ध भएको प्रमाण खुल्ने कागजात,
(३) दफा ५ को उपदफा १ को लागि आधार पुष्टि हुने कागजात,
(४) दफा ५ को उपदफा (१) को (ख), (ग), (घ), (ङ) को लागि उल्लेख भएका आधार पुष्टि गर्ने लेख रचना वा श्रव्य दृश्य कार्यक्रमको तीन वटा अभिलेख,
(५) स्वघोषणा-पत्र,
(६) व्यक्तिगत विवरण (बायोडाटा)।

**<u>निवेदक</u>**

नामः

दस्तखतः

ठेगानाः

फोन नं.

इमेलः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**स्वःघोषणा-पत्रको ढाँचा**

जिल्ला ................, गा.पा./न.पा. ..................., वडा नं. ............... बस्ने श्री ............ को छोरा/छोरी वर्ष ..... को म .......... विगत ........ वर्षदेखि पत्रकारिता पेशामा आबद्ध छु। मैले हालसम्म कुनै किसिमको फौजदारी कसुरमा दोषी ठहर भई सजाय पाएको छैन।

**निवेदक**

नामः

दस्तखतः

ठेगानाः

फोन नं.

इमेलः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-३

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित

**पत्रकारिता पुरस्कारको प्रकार, राशी, र संख्या**

| क्र.सं. | पुरस्कारको नाम | राशी रु. | प्रदान गरिने संख्या |
|---|---|---|---|
| १ | कर्णाली प्रादेशिक पत्रकारिता पुरस्कार | पचहत्तर हजार | एक जना |
| २ | कर्णाली वर्ष उत्कृष्ट पुरस्कार | पचास हजार | एक जना |
| ३ | कर्णाली सशक्त सञ्चारकर्मी पुरस्कार | पैतिस हजार | एक जना |
| ४ | कर्णाली विकास पत्रकारिता पुरस्कार | पैतिस हजार | दुई जना |
| ५ | कर्णाली समावेशी पत्रकारिता पुरस्कार | पैतिस हजार | दुई जना |

स्वीकृत भएको मितिः २०८२/०४/२१

आज्ञाले,

उत्तम गौतम

प्रदेश सरकारको निमित्त सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय